# "फुकुओका कोरोना चेतावनी" जारी तथा यसपछि अपनाइने उपायहरूको बारेमा

अगस्ट 5 तारिख

फुकुओका जिल्ला

○जुलाई 31 तारिखमा नयाँ संक्रमितको सङ्ख्या अहिलेसम्मकै सबैभन्दा बढी, 170 जना पुग्यो र संक्रमण फैलिने क्रम रोकिएको छैन।

○साथै संक्रमण मार्ग अज्ञात व्यक्तिको अनुपात तथा बिरामीको बेड प्रयोगको दर, दुबै 50% नाघेको छ र गम्भीर तथा मध्यम स्थितिको बिरामीको सङ्ख्या पनि बढ्दै आइरहेको छ।

○यी कुराहरूलाई समग्र रूपमा विचार गरी, हामीले आजदेखि "फुकुओका कोरोना चेतावनी" जारी गर्ने निर्णय गरेका छौं।

○यसपछि हामी सर्वप्रथम, चिकित्सा सेवा प्रणालीको सन्दर्भमा, स्वास्थ्य संस्थाहरूलाई बिरामीको बेड तयार गर्ने जस्ता कामहरू गर्न आग्रह गर्नुका साथै हामी पनि आवास चिकित्सा सुविधा सुनिश्चित गर्ने कार्यलाई तीव्र गतिमा अघि बढाउँछौं।

○त्यसपछि हामी सम्पूर्ण जिल्लावासी र व्यापारव्यवसायीलाई नयाँ अनुरोध गर्छौं।

○जुलाई पछि फुकुओका जिल्ला भित्र 25 सुविधा (ठाउँ) हरूमा क्लस्टर भयो र ती मध्येको आधा "ग्राहकहरूलाई सत्कार गरिने खानपिनका व्यवसायहरू" र "मदिरा जन्य पदार्थ प्रदान गर्ने खानपिनका व्यवसायहरू" थिए। त्यसकारण यी पसलहरूमा केन्द्रित भई अनुरोध गरिनेछ।

○सुरुमा सामान्य अनुरोध। फुकुओका जिल्लाको ग्राहकहरूलाई सत्कार गरिने खानपिनका व्यवसायहरू, मदिरा जन्य पदार्थ प्रदान गर्ने खानपिनका व्यवसायहरू र काराओके पसलहरूले व्यवसाय अनुसारको गाइड लाइनको पालना गरी, संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू अपनाइएको कुरा सबैले देख्ने गरी राख्नुहोस्। त्यसो गर्दा जिल्लाको एकिकृत स्टिकर प्रयोग गर्नुहोस्।

○साथै ओबोन सहित अगस्ट 8 तारिखदेखि 21 तारिखसम्मको अवधिमा, ग्राहकहरूलाई 2 घण्टा भित्र आफ्नो रेस्टुरेन्ट, पसल आदिबाट निस्कन प्रोत्साहित गर्नुहोस्।

○निम्न अनुरोध बन्द गरी सहयोग गर्नेबारे हो। कुल संक्रमित सङ्ख्याको 60% रहेको फुकुओका सहरमा, अगस्ट 8 तारिखदेखि 21 तारिखसम्मको अवधिमा, विशेष नीति ऐन लागू आदेशमा तोकिए बमोजिम मनोरञ्जन सुविधाहरू मध्येको, "सत्कार गरिने खानपिनका व्यवसायहरू" र "मदिरा जन्य पदार्थ प्रदान गर्ने खानपिनका व्यवसायहरू र काराओके पसलहरू" ले व्यवसाय अनुसारको गाइड लाइनको पालना नगरेका रेस्टुरेन्ट, पसल आदिलाई, हामी व्यवसाय बन्द गरी सहयोग गर्न अनुरोध गर्छौं।

○निम्न अनुरोध सम्पूर्ण जिल्लावासीहरूको लागि हो। यी रेस्टुरेन्ट, पसल आदि प्रयोग गर्ने खण्डमा, गाइड लाइनको पालना नगर्ने रेस्टुरेन्ट, पसल आदि प्रयोग नगर्नुहोस्। साथै अगस्ट 8 तारिखदेखि 21 तारिखसम्मको अवधिमा, गाइड लाइनको पालना गरिरहेको रेस्टुरेन्ट, पसल आदि भए तापनि, 2 घण्टा भित्र त्यहाँबाट निस्कनुहोस् र आफ्टर पार्टी (फेरि अन्य पसलहरूमा जाने) नगर्नुहोस्।

○कुनै पनि हालतमा यो भन्दा बढी संक्रमण फैलिन दिनु हुँदैन। "अरूलाई नसार्ने", " अरूबाट आफू संक्रमित नहुने" र "आफूलाई संक्रमण भएको हुनसक्छ" भन्ने कुरा सदैव ध्यानमा राखेर दैनिक जीवनमा गर्ने गतिविधिहरू गर्नुहोस्।

○आउने दिनहरूमा पनि संक्रमण फैलिन नरोकिएर, चिकित्सा सेवा प्रणालीमा चाप बढ्ने खतरा स्थिति आएमा, हामीले अझ कडा कदमहरू चाल्नुपर्ने हुन्छ।

○सम्पूर्ण जिल्लावासी तथा व्यापारव्यवसायीलाई सहयोग गर्नुहुन अनुरोध गर्दछौं।